"मीठे बच्चे– बाबा आउनु भएको छ तिमी बच्चाहरूलाई स्वच्छ बुद्धि बनाउन , जब स्वच्छ बन्छौ तब तिमी देवता बन्न सक्छौ।"

प्रश्नः– यस ड्रामाको बनिबनाउ प्लान कुनचाहिँ हो, जसबाट बाबा पनि छुट्न सक्नुहुन्न?

उत्तरः– हर कल्पमा बाबालाई आफ्ना बच्चाहरूको पासमा आउनै पर्छ, पतित दुःखी बच्चाहरूलाई सुखी बनाउनै पर्छ– यो ड्रामाको प्लान बनेको छ, यस बन्धनबाट बाबा पनि छुट्न सक्नुहुन्न।

प्रश्नः– पढाउने बाबाको मुख्य विशेषता के हो?

उत्तरः– उहाँ धेरै निरहङ्कारी बनेर पतित दुनियाँ, पतित तनमा आउनु हुन्छ। बाबाले यस समयमा तिमीलाई स्वर्गको मालिक बनाउनु हुन्छ, तिमीले फेरि द्वापरमा उहाँको लागि सुनको मन्दिर बनाउँछौ।

गीतः– इस पाप की दुनियाँ से.....।

ओम् शान्ति। मीठा-प्यारा रुहानी बच्चाहरूले यो गीत सुन्यौ। दुइवटा दुनियाँ छन्– एक पापको दुनियाँ, अर्को पुण्यको दुनियाँ। दुःखको दुनियाँ र सुखको दुनियाँ। सुख अवश्य नयाँ दुनियाँ, नयाँ घरमा हुनसक्छ। पुरानो घरमा दुःख नै हुन्छ, त्यसैले त्यसलाई भत्काइन्छ। फेरि नयाँ घरमा सुखसँग बसिन्छ। अहिले बच्चाहरूले जानेका छौ– भगवानलाई कुनै मनुष्य मात्रले चिनेका छैनन्। रावण राज्य हुनाले बिल्कुलै पत्थर बुद्धि, तमोप्रधान बुद्धि भएका छन्। बाबा आएर सम्झाउनु हुन्छ– मलाई भगवान त भन्छन् तर कसैले पनि चिनेका छैनन्। भगवानलाई नै चिनेका छैनन् भने कुनै कामका रहेनन्। दुःखमा नै हे प्रभु! हे ईश्वर! भनेर पुकार्छन्। तर अनौठो छ, एउटा पनि मनुष्य मात्रले बेहदका बाबा रचयितालाई चिनेका छैनन्। भनिदिन्छन्– सर्वव्यापी हुनुहुन्छ, कछुवा-माछामा परमात्मा हुनुहुन्छ। यसरी त परमात्माको अपमान गर्छन्। बाबालाई कति बदनाम गर्छन् त्यसैले भगवानुवाच छ– जब मेरो र देवी-देवताहरूको निन्दा गर्दै-गर्दै सिँढी उत्रिँदै तमोप्रधान बन्न पुग्छन्, तब म आउँछु। ड्रामा अनुसार बच्चाहरूले भन्छन्– यस पार्टमा फेरि पनि आउनु पर्छ। बाबा भन्नुहुन्छ– यो ड्रामा बनिबनाउ छ। म पनि ड्रामाको बन्धनमा बाँधिएको छु। यस ड्रामाबाट म पनि छुट्न सक्दिनँ। मलाई पनि पतितलाई पावन बनाउन आउनै पर्छ। नत्र नयाँ दुनियाँ कसले स्थापना गर्छ? बच्चाहरूलाई रावण राज्यको दुःखबाट छुटाएर नयाँ दुनियाँमा कसले लैजान्छ? हुन त यस दुनियाँमा धेरै धनवान मनुष्यहरूले सम्झन्छन्– हामी त स्वर्गमा बसेका छौं, धन छ, महल छ, हवाइजहाज छ तर अचानक कोही बिरामी हुन्छन्, बस्दाबस्दै मर्छन्। कति दुःख हुन्छ। उनीहरूलाई यो थाहा छैन– सत्ययुगमा कहिल्यै अकालमा मृत्यु हुँदैन। दुःखको कुरै हुँदैन। त्यहाँ आयु पनि धेरै हुन्छ। यहाँ त अचानक मर्छन्। सत्ययुगमा यस्तो हुँदैन। त्यहाँ के हुन्छ? यो पनि कसैले जानेका छैनन्, त्यसैले बाबा भन्नुहुन्छ– कति तुच्छ बुद्धि छन्। म आएर यिनीहरूलाई स्वच्छ बुद्धि बनाउँछु। रावणले पत्थर बुद्धि, तुच्छ बुद्धि बनाउँछ। भगवानले स्वच्छ बुद्धि बनाइरहनु भएको छ। बाबाले तिमीलाई मनुष्यबाट देवता बनाइरहनु भएको छ। सबै बच्चाहरूले भन्छन्– सूर्यवंशी महाराजा-महारानी बन्न आएका हौं। लक्ष्य-उद्देश्य अगाडि छ। नरबाट नारायण बन्नु छ। यो हो सत्य नारायणको कथा। फेरि भक्तिमा ब्राह्मणहरूले कथा सुनाइरहन्छन्। वास्तवमा कोही नरबाट नारायण कहाँ बन्छ र? तिमी त वास्तवमा नरबाट नारायण बन्न आएका छौ। कसै कसैले सोध्छन् तपाईको संस्थाको उद्देश्य के हो? भन– नरबाट नारायण बन्ने, यो हो हाम्रो उद्देश्य। तर यो कुनै संस्था होइन। यो त परिवार हो। माता, पिता र बच्चाहरू बसेका छन्। भक्तिमार्गमा त गाउँथ्यौ– हजुर माता-पिता....। हे माता-पिता हजुर आइसकेपछि मात्र हामीले हजुरबाट अथाह सुख लिन्छौं। हामी विश्वको मालिक बन्छौं। अहिले तिमी विश्वको मालिक बन्छौ नि, त्यो पनि स्वर्गको। अब यस्ता बाबालाई देख्दा कति खुसीको पारा चढ्नुपर्छ। जसलाई हे भगवान आउनुहोस्!, हजुर आउनु भयो भने हामीले धेरै सुख पाउने थियौं भन्दै आधा कल्प याद गर्यौ। उहाँ बेहदका बाबाले त बेहदको वर्सा दिनुहुन्छ। त्यो पनि २१ जन्मको लागि। बाबा भन्नुहुन्छ– मैले तिमीलाई दैवी सम्प्रदायको बनाउँछु। रावणले आसुरी सम्प्रदाय बनाउँछ। मैले आदि सनातन देवी-देवता धर्मको स्थापना गर्छु। त्यहाँ पवित्रताको कारणले आयु पनि धेरै हुन्छ। यहाँ छन् भोगी, अचानक मर्छन्। त्यहाँ योगबाट वर्सा मिलेको हुन्छ। आयु पनि १५० वर्ष हुन्छ। आफ्नो समयमा एक शरीर छोडेर अर्को लिन्छन्। यो ज्ञान बाबा बसेर नै दिनुहुन्छ। भक्तहरूले भगवानलाई खोज्छन्। सम्झन्छन्– शास्त्र पढ्नु, तीर्थ यात्रा आदि गर्नु– यी सबै

भगवानसँग मिल्ने मार्ग हुन्। बाबा भन्नुहुन्छ– यो मार्ग हुँदै होइन। मार्ग त मैले नै बताउँछु। तिमीले त भन्थ्यौ– हे अन्धाको लट्ठी प्रभु आउनुहोस्। हामीलाई शान्तिधाम, सुखधाम लैजानुहोस्। बाबाले नै सुखधामको मार्ग बताउनु हुन्छ। बाबाले कहिल्यै दु:ख दिनुहुन्न। यो त बाबामाथि झुटो आरोप लगाइदिन्छन्। कोही मर्यो भने भगवानलाई गाली गर्न लाग्छन्। बाबा भन्नुहुन्छ– मैले कहाँ कसैलाई मार्छु वा दु:ख दिन्छु र! यो त हरेकको आ-आफ्नो पार्ट हो। मैले जुन राज्य स्थापना गर्छु, त्यहाँ अकालमा मृत्यु, दु:ख आदि कहिल्यै हुँदैन। मैले तिमीलाई सुखधाम लैजान्छु। बच्चाहरूको रोमाञ्च खडा हुनुपर्छ। ओहो! बाबाले हामीलाई पुरुषोत्तम बनाइरहनु भएको छ। सङ्गमयुगलाई पुरुषोत्तम भनिन्छ, मनुष्यलाई यो थाहा छैन। भक्ति मार्गमा भक्तहरूले फेरि पुरुषोत्तम महिना आदि बनाएका छन्। वास्तवमा हो पुरुषोत्तम युग, जसमा बाबा आएर उच्च भन्दा उच्च बनाउनु हुन्छ। अहिले तिमी पुरुषोत्तम बनिरहेका छौ। सबैभन्दा उच्च भन्दा उच्च पुरुषोत्तम लक्ष्मी-नारायण नै हुन्। मनुष्यले त केही पनि बुझ्दैनन्। चढ्ती कलामा लैजाने एक बाबा मात्रै हुनुहुन्छ। सिँढीको बारेमा कसैलाई पनि सम्झाउन धेरै सहज छ। बाबा भन्नुहुन्छ– अब खेल पूरा भयो, घर हिँड। अब यो पुरानो फोहोरी चोला छोड्नु छ। तिमी पहिला नयाँ दुनियाँमा सतोप्रधान थियौ। फेरि ८४ जन्म भोगेर तमोप्रधान शूद्र बनेका छौ। अहिले फेरि शूद्रबाट ब्राह्मण बनेका छौ। अहिले बाबा आउनु भएको छ भक्तिको फल दिन। बाबाले सत्ययुगमा फल दिनुभएको थियो। बाबा हुनुहुन्छ नै सुखदाता। बाबा पतित-पावन आउनु हुन्छ तब सारा दुनियाँको मनुष्य मात्र त के प्रकृतिलाई पनि सतोप्रधान बनाउनु हुन्छ। अहिले त प्रकृति पनि तमोप्रधान छ। अन्न आदि पाइँदै पाइँदैन। उनीहरूले सम्झन्छन्– हामीले यो यो गर्छौं। आगामी वर्ष धेरै अन्न हुन्छ। तर केही पनि हुँदैन। प्राकृतिक प्रकोपलाई कसले के गर्न सक्छ! अनिकाल पर्छ, भूकम्प जान्छ, बिरामी हुन्छन्। रगतका नदीहरू बग्छन्। यो उही महाभारत लडाइँ हो। अहिले बाबा भन्नुहुन्छ– तिमीले आफ्नो वर्सा लेऊ। म तिमी बच्चाहरूलाई स्वर्गको वर्सा दिन आएको छु। माया रावणले श्राप दिन्छ, नर्कको वर्सा दिन्छ। खेल यस्तो पनि बनेको छ। बाबा भन्नुहुन्छ– ड्रामा अनुसार मैले पनि शिवालय स्थापना गर्छु। यो भारतवर्ष शिवालय थियो। अहिले वेश्यालय बनेको छ। विषय सागरमा गोता खाइरहन्छन्।

अहिले तिमी बच्चाहरूलाई थाहा छ– बाबाले हामीलाई शिवालयमा लैजानुहुन्छ, त्यसैले यसमा खुसी हुनु पर्छ नि। हामीलाई बेहदका भगवानले पढाइरहनु भएको छ। बाबा भन्नुहुन्छ– मैले तिमीलाई विश्वको मालिक बनाउँछु। भारतवर्षनिवासीले आफ्नो धर्मलाई पनि जानेका छैनन्। हाम्रो वंश त धेरै ठुलो छ। जसबाट अरू वंश निस्किन्छन्। आदि सनातन कुनचाहिँ धर्म, कुनचाहिँ वंशको थियो– यो बुझेका छैनन्। आदि सनातन देवी-देवता धर्मको वंश , फेरि दोस्रो नम्बरमा चन्द्रवंशीको वंश , फेरि इस्लामीहरूको वंश । यो सारा वृक्षको रहस्य अरू कसैले सम्झाउन सक्दैन। अहिले त हेर कति थरीका वंश छन्। कति हाँगाबिँगा छन्। यो हो विविध धर्मको वृक्ष। यी कुरा बाबा नै आएर बुद्धिमा भरिदिनुहुन्छ। यो पढाइ हो। यो त दिनहुँ पढ्नु छ। भगवानुवाच– मैले तिमीलाई राजाहरूको राजा बनाउँछु। पतित राजाहरू त विनाशी धन दान गरेर बन्न सक्छन्। मैले तिमीलाई यस्तो पावन बनाउँछु जसबाट तिमी २१ जन्मको लागि विश्वको मालिक बन्छौ। त्यहाँ कहिल्यै अकालमा मृत्यु हुँदैन। आफ्नो समयमा शरीर छोड्छन्। तिमी बच्चाहरूलाई ड्रामाको रहस्य पनि बाबाले सम्झाउनु भएको छ। ती सिनेमा, नाटक आदि निस्केका छन्। त्यसैले उदाहरण दिएर सम्झाउन पनि सहज हुन्छ। आजकाल त धेरै ड्रामा आदि बनाउँछन्। यसमा मनुष्यलाई धेरै सोख भएको छ। ती सबै हुन् हदका, यो हो बेहदको ड्रामा। यस समयमा मायाको पम्प धेरै छ। मनुष्यहरूले सम्झन्छन्– अहिले त स्वर्ग बनेको छ। पहिला यति ठुला भवन आदि कहाँ थिए र! अहिले कति अवरोध छ। भगवानले स्वर्ग रच्नुहुन्छ भने मायाले पनि आफ्नो स्वर्ग देखाउँछ। यो हो सबै मायाको पम्प। यो सबै समाप्त हुनु छ। माया कति शक्तिशाली छ। तिमीले त्यसदेखि मुख मोड्नु छ। बाबा हुनुहुन्छ नै गरिब निवाज। धनवानको लागि स्वर्ग छ, गरिब बिचरा नर्कमा छन्। त्यसैले अब नर्कवासीहरूलाई स्वर्गवासी बनाउनु छ। गरिबले नै वर्सा लिन्छन्। धनवानहरूले त सम्झन्छन्– हामी स्वर्गमा बसेका छौं। स्वर्ग-नर्क यहाँ नै छ। यी सबै कुरा अहिले तिमीले जान्दछौ। भारतखण्ड कति भिखारी बनेको छ। भारतखण्ड नै कति सम्पन्न थियो। एउटै आदि सनातन धर्म थियो। अहिले पनि कति पुराना चीजहरू निकालिरहन्छन्। भन्छन्– यति वर्षको पुरानो चीज हो। हाडहरू निकाल्छन्, भन्छन् यति लाखौं वर्षको हो। अब लाखौं वर्षको हाड फेरि कहाँबाट निस्कन सक्छ। फेरि त्यसको दाम पनि कति धेरै राख्छन्।

बाबा सम्झाउनु हुन्छ– म आएर सबैको सद्गति गर्छु, म यिनमा प्रवेश गर्छु। यी ब्रह्मा साकारी हुन्, यिनै फेरि सूक्ष्मवतनवासी फरिस्ता बन्छन्। ती अव्यक्त, यिनी व्यक्त। बाबा भन्नुहुन्छ– म धेरै जन्मको अन्त्यको पनि

अन्त्यमा आउँछु। जुन नम्बरवन पावन उनै फेरि नम्बरवन पतित। म यिनमा आउँछु किनकि यिनलाई नै फेरि नम्बरवन पावन बन्नु छ। यिनीले आफूलाई कहाँ भन्छन् र म भगवान हुँ, फलाना हुँ। बाबालाई पनि थाहा छ म यस तनमा प्रवेश गरेर यिनीद्वारा सबैलाई सतोप्रधान बनाउँछु। बाबा बच्चाहरूलाई सम्झाउनु हुन्छ– तिमी अशरीरी आएका थियौ फेरि ८४ जन्म लिएर पार्ट खेल्यौ, अब फर्केर जानु छ। आफूलाई आत्मा सम्झ, देह अभिमान तोड। केवल यादको यात्रामा रहनु छ अरू कुनै मेहनत छैन। जो पवित्र बन्छ, ज्ञान सुन्छ ऊ नै विश्वको मालिक बन्छ। यो स्कुल कति ठुलो छ। पढाउनेवाला बाबा कति निरहङ्कारी बनेर पतित दुनियाँ, पतित तनमा आउनु हुन्छ। भक्तिमार्गमा तिमीले उहाँको लागि कति राम्रा सुनका मन्दिर बनाउँछौ। यस समयमा तिमीलाई स्वर्गको मालिक बनाउँछु,अनि पतित शरीरमा आएर बस्छु। फेरि भक्तिमार्गमा तिमीले मलाई सोमनाथ मन्दिरमा बसाउँछौ। सुन, हीराको मन्दिर बनाउँछौ किनकि तिमीलाई थाहा छ हामीलाई स्वर्गको मालिक बनाउनु हुन्छ। त्यसैले खातिरी गर्छौ। यो सबै रहस्य सम्झाइएको छ। भक्ति पहिला अव्यभिचारी फेरि व्यभिचारी हुन्छ। आजकाल हेर मनुष्यलाई पनि पूजा गरिरहन्छन्। गङ्गाको किनारमा हेर शिवोहम् भन्दै बस्छन्। माताहरू गएर दुध चढाउँछन्, पूजा गर्छन्। यी दादाले स्वयं पनि चढाएका छन्, नम्बरवन पुजारी बने नि। आश्चर्य छ नि। बाबा भन्नुहुन्छ– यो आश्चर्यजनक दुनियाँ हो। कसरी स्वर्ग बन्छ, कसरी नर्क बन्छ– सबै रहस्य बच्चाहरूलाई सम्झाइरहनु हुन्छ। यो ज्ञान त शास्त्रहरूमा छैन। ती हुन् दर्शन शास्त्र। यो हो आध्यात्मिक ज्ञान जुन रुहानी बाबा वा तिमी ब्राह्मणहरू सिवाय अरू कसैले दिन सक्दैन। तिमी ब्राह्मणहरू सिवाय रुहानी ज्ञान अरू कसैलाई मिल्न सक्दैन। ब्राह्मण नबनेसम्म देवता बन्न सकिँदैन। तिमी बच्चालाई धेरै खुसी हुनुपर्छ, भगवानले हामीलाई पढाउनु हुन्छ, श्री कृष्णले होइन। अच्छा!

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग। रुहानी बाबाको रुहानी बच्चाहरूलाई नमस्ते। रुहानी बच्चाहरूको रुहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

धारणाको लागि मुख्य सारः–

१) मायाको धेरै ठुलो पम्प छ, यसबाट आफ्नो मुख मोड्नु छ। सदा यसै खुसीमा रोमाञ्च खडा होस्– हामी त अहिले पुरुषोत्तम बनिरहेका छौ, भगवानले हामीलाई पढाउनु हुन्छ।

२) विश्वको राज्य-भाग्य लिनको लागि केवल पवित्र बन्नु छ। जसरी बाबा निरहङ्कारी बनेर पतित दुनियाँ, पतित तनमा आउनु हुन्छ, त्यसैगरी बाबा समान निरहङ्कारी बनेर सेवा गर्नु छ।

वरदानः– एकसँग सर्व सम्बन्ध निभाउने सर्व किनाराहरूबाट मुक्त सम्पूर्ण फरिस्ता भव

जसरी कुनै चीज बनाउँदा त्यो बनिसकेर तयार हुन्छ अनि किनारा छोड्छ, त्यसैगरी जति सम्पन्न स्टेजको नजिक आउँदै जानेछौ, त्यति सर्वबाट किनारा हुँदै जानेछौ। जब सबै बन्धनहरूबाट वृत्तिद्वारा किनारा हुन्छ अर्थात् कसैमा पनि लगाव हुँदैन तब सम्पूर्ण फरिस्ता बन्नेछौ। एकसँग सर्व सम्बन्ध निभाउनु, यही ठेगाना होस्, यसैबाट अन्तिम फरिस्ता जीवनको मञ्जिल नजिक अनुभव हुनेछ। बुद्धि भट्काई बन्द हुनेछ।

स्लोगनः– स्नेह यस्तो चुम्बक हो, जसले ग्लानि गर्नेलाई पनि नजिक ल्याउँछ।